स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)

केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं ।
फोन ०१-४५३४९२१/२२, ४५२८४८१
Central Office: Kamalpokhari, Kathmandu
Tel-1-4534921/22, 4528481
E-mail: info@ swbbl.com.np
Web Site: www.swbbl.com.np

च.नं.: १६१४

मिति: २०८३/०७/२७

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

विषय :- त्रैमासिक प्रतिवेदन पठाएको सम्बन्धमा ।

महोदय,

धितोपत्र दर्ता तथा निष्काशन नियमावली (पहिलो संशोधन), २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित) अनुसार यस वित्तीय संस्थाको आ.व.२०८३/८४ को प्रथम त्रैमासिक प्रतिवेदन तयार गरी मिति २०८३/०७/२१ को हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विवरण यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

चन्द्र मणि चौलागाँई
कम्पनी सचिव

बोधार्थ

१. श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार प्लाजा काठमाडौं ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक काठमाडौं ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौं ।

SWABALAMBAN LAGHUBITTA BITTIYA SANSTHA LTD.

Central Office, Kathmandu

Interim Financial Statements

Unaudited Condensed Statement of Financial Position
As on Quarter ended 31st Ashoj, 2083

Particulars	Amount in NPR	
	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	818,058,111	1,078,996,372
Statutory Balances and Due from Nepal Rastra Bank	118,010,663	113,259,243
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loans And Advances to Customers	25,708,033,562	25,685,918,987
Investment Securities	933,837	933,837
Current Tax Assets	364,842,795	44,544,022
Investment Property	-	-
Property and Equipment	277,092,091	279,796,780
Goodwill and Intangible Assets	1,599,454	1,302,095
Deferred Tax Assets	461,380,818	461,380,818
Other Assets	377,150,203	426,736,340
Total Assets	**28,127,101,534**	**28,092,868,493**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	18,308,448,543.7	18,086,376,762
Borrowing	5,239,264,589.2	5,413,138,246
Current Tax Liabilities	-	
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	285,107,884.7	359,843,739
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**23,832,821,018**	**23,859,358,747**
Equity		
Share Capital	1,750,000,000	1,750,000,000
Share Premium	868,762	868,762
Retained Earning	552,342,656	503,910,036
Reserves	1,991,069,097	1,978,730,949
Total Equity	**4,294,280,515**	**4,233,509,747**
Total Liabilities and Equity	**28,127,101,534**	**28,092,868,493**
Contingent liabilities and commitment	6,415,519	6,415,519
Net assets value per share	245.39	241.91

Unaudited Condensed Statement of Profit or Loss
For the Quarter ended 31st Ashoj, 2083

Particulars	Amount in NPR			
	This Quarter Ending		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Interest Income	1,007,512,410	1,007,512,410	926,996,304	926,996,304
Interest Expense	428,495,648	428,495,648	385,795,970	385,795,970
Net interest income	**579,016,761**	**579,016,761**	**541,200,334**	**541,200,334**
Fees and Commission Income	84,952,284	84,952,284	85,057,751	85,057,751
Fees and Commission Expense	347,151	347,151	5,853	5,853
Net fee and Commission income	**84,605,134**	**84,605,134**	**85,051,898**	**85,051,898**
Net interest fee and commission income	**663,621,895**	**663,621,895**	**626,252,232**	**626,252,232**
Net Trading Income	-	-	-	-
Other Operating Income	209,557	209,557	356,821	356,821
Total operating income	**663,831,452**	**663,831,452**	**626,609,052**	**626,609,052**
Impairment charge/(reversal) for loans and other losses	158,770,385	158,770,385	177,232,847	177,232,847
Net Operating income	**505,061,067**	**505,061,067**	**449,376,205**	**449,376,205**
Operating expenses				
Personnel Expense	362,712,568	362,712,568	319,308,038	319,308,038
Other Operating Expenses	46,871,142	46,871,142	43,025,963	43,025,963
Depreciation and amortisation	3,901,679	3,901,679	4,381,569	4,381,569
Operating Profit	**91,575,678**	**91,575,678**	**82,660,635**	**82,660,635**
Non operating income	46,194	46,194	25,500	25,500
Non operating expense	-	-	-	-
Profit before income tax	**91,621,872**	**91,621,872**	**82,686,135**	**82,686,135**
Income tax expense	27,486,562	27,486,562	24,805,840	24,805,840
Current tax	27,486,562	27,486,562	24,805,840	24,805,840
Deferred tax Expense/(Income)	-	-	-	-
Profit for the Year	**64,135,310**	**64,135,310**	**57,880,294**	**57,880,294**
Profit attributable to:			-	
Equity holders of the Financial Institution	64,135,310	64,135,310	57,880,294	57,880,294
Profit for the Year	**64,135,310**	**64,135,310**	**57,880,294**	**57,880,294**
Earnings per share:				
Basic earnings per share		14.38		13.70
Diluted earnings per Share		14.38		13.70

Statement of Other Comprehensive Income
For the Quarter ended 31st Ashoj, 2083

Particulars	Amount in NPR			
	This Quarter Ending		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Profit for the Year	**64,135,310**	**64,135,310**	**57,880,294**	**57,880,294**
Other comprehensive income, net of income tax				
a) Items that will not be reclassified to profit or loss				
▪ Gains/(losses) from Investment in Equity Instruments measured at Fair Value	-	-	-	-
▪ Gains/(Losses) on Revaluation		-	-	-
▪ Acturial Gains/(Losses) on Defined Benefit Plans	-	-		-
▪ Income Tax Relating to above Items	-	-		-
Net Other Comprehensive Income that will not be Reclassified to Profit or Loss	**-**	**-**		**-**
b) Items that are or may be Reclassified to Profit or Loss	**-**			
▪ Gains/(Losses) on Cash Flow Hedge	-			
▪ Exchange Gains/(Losses)(arising from translating Financial Assets of Foreign Operation)	-			
▪ Income Tax relating to above Items	-			
▪ Reclassify to Profit or Loss	-			
Net Other Comprehensive Income that are or may be Reclassified to Profit or Loss	**-**	**-**	**-**	**-**
Other Comprehensive Income for the year, Net of Income Tax	-	-	-	-
Total Comprehensive Income for the Year	64,135,310	64,135,310	57,880,294	57,880,294
Total Comprehensive Income for the Period	**64,135,310**	**64,135,310**	**57,880,294**	**57,880,294**

Ratio as per NRB Directives

Particulars	Current Year	Previous Year Corresponding
	Upto This quarter	Upto This quarter
Capital fund to RWA	10.94%	11.01%
Non-Performing Loan(NPL) to total loan	9.79%	11.94%
Total loan loss provision to Total NPL	118.56%	93.58%
Cost of Funds	7.30%	7.63%
Credit to Deposit and borrowing Ratio	120.42%	121.00%
Base Rate	13.84%	13.75%
Interest Rate Spread	7.29%	7.34%

Statement of Distributable Profit or Loss
For the Quarter ended 31st Ashoj, 2083
(As per NRB Regulation)

Particulars	Current Year Upto This Qtr YTD
Net Profit or (Loss) as per statement of Profit or Loss	**64,135,310**
Appropriations:	
a. General Reserve	(12,827,062)
b. Foreign Exchange Fluctuation Fund	-
c. Capital Redemption Reserve	-
d. Corporate Social Responsibility Fund	(641,353)
e. Employees' Training Fund	-
f. Client Protection Fund	(1,282,706)
f. Other	-
Restructure/Reschedule Provision Write back	-
Staff Welfare Fund	-
Profit or (loss) before regulatory adjustment	**49,384,189**
Regulatory adjustment :	
a. Interest receivable (-)/previous accrued interest received (+)	(4,020,921)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-
g. Bargain purchase gain recognised (-)/resersal (+)	-
h. Acturial loss recognised (-)/reversal (+)	-
i. Other (+/-)	-
Net Profit for the year end available for distribution	**45,363,268**
Opening Retained Earning as on Shrawan 1st	503,910,036
Adjustment (+/-)	**-**
Retained Earning from Previous year	-
Expense for CSR	3,069,352
Distribution:	**552,342,655**
Bonus Share issued	-
Cash Dividend Paid	-
Total Distributable Profit or (loss) as on year end date	**552,342,655**
Annualised Distributable Profit/Loss per share	31.59

Notes:

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards(NFRS) and certain Carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).These figures may vary at the instances of statutory auditors and regulators.
2. The detailed interim financial report has been published in the website (www.swbbl.com.np)
3. Loans and Advances are presented net of impairment charges and includes staff loans.
4. Personnel Expenses also include employee's bonus provision.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. The above figures are subject to change upon otherwise as per the direction of the Regulators and/or Statutory Auditor.
7. The Financial Institution has calculated Expected Credit Loss figures with implememtation of Expected Credit Loss Model being in lined with relevant applicable standards and regulatory direction. The financial institution has recorded higher loan loss provision as per NRB's norms.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची – १४(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८३/८४ को प्रथम त्रैमासिक विवरण

१. **वित्तीय विवरण** :

(क) नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप प्रथम त्रैमासिक अवधिसम्मको वासलात तथा नाफा नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी	(मूल्य आम्दानी अनुपात) P/E ratio	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु. १४/३८	५४/३०	रु. २४५/३९	रु १,६०७/२६	३.७०%

२. **व्यवस्थापकीय विश्लेषण** :

(क) **यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनैं परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : चालू आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक अवधिमा वित्तीय वातावरण अघिल्लो वर्षको सोही अवधिको तुलनामा केही सहज बन्दै गएकाले वित्तीय संस्थाको कारोबार, व्यवसाय विस्तार र आम्दानीमा सकारात्मक सुधार आएको छ । लघुवित्त क्षेत्रमा देखिएका विविध चुनौतीहरू क्रमशः सुधारन्मुख भएसँगै संस्थाको कोषको लागत (Cost of Funds) घट्नुका साथै खुद मुनाफामा समेत वृद्धि भएको छ । । व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएका वाह्य जोखिम, कर्जा जोखिम तथा तरलता जोखिमको विश्लेषण गर्दै वित्तीय कारोबारहरु सुरक्षित र प्रभावकारी रूपमा सञ्चालन गर्दै आइरहेको छ ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

गरीबीमुक्त समृद्ध समाज निर्माणको दीर्घकालीन सोचसहित राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले विपन्न वर्ग तथा समुदायमा लघुवित्त सेवाको सहज पहुँच विस्तार गर्दै आएको छ । स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोगमार्फत ग्रामीण एवम् सहरी क्षेत्रका विपन्न परिवारको सामाजिक-आर्थिक स्तर रूपान्तरण गर्न देशभर सेवा विस्तारलाई तीव्रता दिइएको छ । हाल संस्थाले ६१ जिल्लाका १४५ शाखा कार्यालयहरूका माध्यमबाट २ लाख ७३ हजार ८ सय ९ विपन्न परिवारहरूलाई प्रत्यक्ष लघुवित्त सेवा प्रदान गर्दै आएको छ । प्रथम त्रैमासिक अवधिमा लगानीमा रहेको कर्जा रु. ४५ करोड ४८ लाख ३६ हजारले वृद्धि भई लगानीमा रहिरकेको कर्जा रु. २८ अर्ब ३५ करोड ५८ लाख ९१ हजार पुगेको छ भने निक्षेप र बचत रु.२२ करोड २० लाख ७२ हजारले वृद्धि भई कुल रु. १८ अर्ब ३० करोड ८४ लाख ४९ हजार पुगेको छ । अत्याधुनिक सूचना प्रविधिको प्रयोगमार्फत शीघ्र, पारदर्शी, विश्वसनीय र दिगो सेवा प्रवाह गर्दै सञ्जाल विस्तार गर्न वित्तस्य संस्था अग्रसर छ । महिलाहरूलाई लक्षित गर्दै कृषि, पशुपालन, सेवा तथा लघुउद्यम सञ्चालनका लागि उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराइँदै आएको छ । साथै, ग्राहकको चाहना र समयसापेक्ष आवश्यकता अनुसार सेवा तथा सुविधाहरूलाई थप परिस्कृत गर्दै लैजान व्यवस्थापन पूर्ण रूपमा प्रतिबद्ध छ ।

(ग) आगामी दिनमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच न्यून रहेका क्षेत्रहरूलाई विशेष प्राथमिकता दिइने रणनीति बनाइएको छ ।

(घ) प्रभावकारी व्यवस्थापन सूचना प्रणाली तथा आन्तरिक नियन्त्रण प्रणालीको आधारमा वित्तीय संस्थाले आफ्नो सेवालाई अझ बढी ग्राहकमैत्री बनाउँदै मुलुकको एक नेतृत्वदायी लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित हुने लक्ष्य लिएको छ । यसको लागि कर्मचारी तथा ग्राहकको क्षमता अभिवृद्धिमा अझ बढी ध्यान दिइनेछ ।

(ङ) विगतको अनुभवबाट वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना वा अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : वर्तमान परिस्थितिमा समग्र बैंकिङ प्रणालीमा पर्याप्त तरलता (लगानीयोग्य रकम) उपलब्ध रहेकाले कर्ज विस्तारका क्षेत्रहरू सङ्कुचित हुन सक्ने जोखिम देखिन्छ । यसका अतिरिक्त, लघुवित्त क्षेत्रमा देखिएका अराजक गतिविधिहरू, संस्थाहरूबीचको अस्वस्थ प्रतिस्पर्धा, ग्राहकहरूको बहु बैंकिङ (Multiple Banking) सम्बन्धी नियामक निकायको कडा निर्देशनका कारण संस्थाको व्यवसाय वृद्धि तथा नाफामा दबाब पर्न सक्ने आंकलन गरिएको छ । यी सम्भावित जोखिमहरूको समुचित व्यवस्थापन र न्यूनीकरणका लागि व्यवस्थापन पक्ष निरन्तर प्रयासरत रहेको छ ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण** :

(क) यस वित्तीय संस्था पक्ष/विपक्ष रही श्री सर्वोच्च अदालतमा २३ जना पूर्व कर्मचारीहरुको मुद्दा विचाराधिन अवस्थामा रहेको छ ।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोबारमा समय समयमा उतार चढाव देखिएता पनि कारोवारको अवस्था भने सन्तोषजनक रहेको छ ।

(ख) नेपाल स्टक एक्स्चेन्ज लि.को वेभसाईट www.nepalstock.com.np अनुसार समीक्षा अवधिमा वित्तीय संस्थाको शेयरको कारोबार निम्नानुसार रहेको पाइएको छ ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य :	कारोबार भएको कूल दिन	कारोबार संख्या
रु. ७२४/-	रु. ६५०/-	रु. ७१२/-	६१	३,३५५

५. **समस्या तथा चुनौती** :

वर्तमान समयमा बैंकिङ प्रणालीमा कर्जा प्रवाह तथा असुलीमा देखिएका जटिलता, ग्राहकहरूको बहुबैंकिङ (Multiple Banking) कारोबार, बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त हुने विपन्न वर्ग कर्जाको उपलब्धता, नियामक निकायबाट हुन सक्ने अप्रत्याशित नीतिगत परिवर्तन र लघुवित्त क्षेत्र केन्द्रित अवाञ्छित गतिविधिहरू संस्थाका प्रमुख समस्या तथा चुनौतीका रूपमा रहेका छन । यी चुनौतीहरूको सामना गर्न मानव संशाधनको समुचित व्यवस्थापन, क्षमता अभिवृद्धि तथा समयानुकूल व्यावसायिक रणनीति अपनाइनेछ । साथै, नवीन प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई प्रभावकारी र विविधीकृत गर्दै सञ्चालन खर्चमा मितव्ययिता कायम गर्न संस्था प्रतिबद्ध छ ।

६. **संस्थागत सुशासन** :

नेपाल राष्ट्र बैंकबाट संस्थागत सुशासन अभिवृद्धिका लागि जारी गरिएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३ लगायत अन्य ऐन नियमहरुको पालना गरिनुका साथै वित्तीय संस्थाबाट प्रबन्ध पत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, बचत तथा कर्जा व्यवस्थापन निर्देशिका, सूचना प्रविधि निर्देशिका, सम्पत्ति तथा दायित्व व्यवस्थापन नीति, लगानी नीति, कर्जा नीति बनाई लागू गरिएको छ । साथै, आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समितिले सक्रिय रुपले कार्य गरिरहेका छन् ।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।